**लेखप्रकाशन विवरण**: सङ्कलनः २०७७/०४/०८, समीक्षणः २०७७/०४/२१, सुधारः २०७७/०५/०१, स्वीकृतः २०७७/५/२२

# पर्यटन प्रवर्द्धनमा पथ प्रदर्शकको भूमिका एक अध्ययन

**सुरेश आचार्य**
उपप्राध्यापक
त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, ग्रामिण विकास विभाग
sureshrdpk@gmail.com

**लेखसार**

पर्यटन वर्तमान समयमा आय आर्जन गर्ने महत्वपूर्ण एवम् बलियो स्रोत भएको छ। संसारका जुनसुकै मुलुकमा पनि आर्थिक उन्नति र प्रगकिो भरपर्दो आधार पर्यटन बन्दै आएको छ। पर्यटन विकासका लागि रमणीय गन्तव्य भएर मात्र पुग्दैन। पर्यटकलाई यात्रामा सहयोगीको भूमिका निर्वाह गर्ने पथ प्रदर्शकको महत्व पनि उत्तिकै उल्लेखनीय हुने गर्दछ। पर्यटनका लागि पथ प्रदर्शक एउटा अनिवार्य जनशक्ति हो। सामान्यतः व्यक्ति आफूले जानेको, चिनेको, पुगेको स्थानमा भनदा पनि नजानेको नचिनेको र नपुगेको बिरामी गन्तव्यमा यात्रा गर्न मन पराउँदछ। यो मानवीय स्वभाव एवम् मनोविज्ञान नै हो। त्यसैले पर्यटनलाई एउटा अपरिचित ठाउँमा गरिने यात्रा भएकाले सम्बन्धित यात्रुलाई आवश्यक पर्ने अनेकन सुख सुविधाहरूमध्ये पथ प्रदर्शक पनि एउटा महत्वपूर्ण सुविधा भित्र पर्दछ। पथ प्रदर्शकको सहयोग एवम् सहायताले मात्र यात्रुले सही अर्थमा सम्बन्धित गन्तव्यका विषयमा जानकारी लिन सक्दछन्। सकेसम्मको फाइदा उठाउन सक्ने सम्भावना रहन्छ। फलस्वरूप पथ प्रदर्शक पर्यटनका लागि अनिवार्य आवश्यकता मानिएको हो। समग्रमा खास लेखमा पृष्ठभूमि, पथ प्रदर्शकको अर्थ, पथ प्रदर्शकका निम्ति चाहिने आधारभूत मापदण्ड, पथ प्रदर्शकको पालना गर्नुपर्ने आचार संहिता, पर्यटन प्रवर्द्धनमा पथ प्रदशकको भूमिका र उपशीर्षक भित्र पथ प्रदर्शकसँग सम्बन्धित विविध पक्षको विश्लेषण गरिएको छ।

**शब्द कुञ्जिका:** पर्यटन, प्रवर्द्धन, पथ प्रदर्शक, भूमिका

## पृष्ठभूमि

पर्यटन वर्तमान विश्वको जीवन आधारको महत्वपूर्ण कडी हो। यो व्यवुसायका अलग अलग धारा छन। जसलाई पर्यटन उद्योगको रूपमा विश्वभरि चिनिन्छ। नेपाल संसारको महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। बेलायती प्रकाशन गृह ‘रफ गाईड’ ले नेपाललाई सन् २०१६ का लागि पहिलो पर्यटकीय गन्तव्यमा राखेको छ। उत्कृष्ट १० मुलुकमा नेपाल पहिलो छ। त्यसपछि कोलम्बिया, क्युवा, जोर्डन, अलबानिया, रोमानिया, एल साल्भाडोर, वेल्स, केनिया र श्रीलंका पर्दछन्। यसअघि मंसिरमा नेशनल जोग्राफी च्यानलको ट्राभलर म्यागाजिनले पनि नेपाललाई पर्यटकीय गन्तव्यको अग्रस्थानमा राखेको थियो। उक्त सूचीमा नेपाल पछि चीनको सांघाई, मोजाम्बिक, बोस्निया, रियो दिन जेनेरियो, अर्जेन्टिना लगायत थिए (कुँवर, २०७२: ११) नेपालको सन्दर्भमा पर्यटनले कुल घरेलु उत्पादनमा ३.४२ प्रतिशत योगदान पुऱ्याएको छ। यो कुल वैदेशिक विनिमयको २४ प्रतिशत हो। नेपालले विश्व पर्यटन बजारमा लगभग ०.४० प्रतिशत हिस्सा ओगटेको छ। यो पर्यटनबाट हुने दक्षिण एशियाको सबैभन्दा कम आर्जन हो, (Tiwari 2011: 27)। नेपालले पर्यटन विकासका प्रचूर सम्भावना भएर पनि त्यसको यथोचित सदुपयोग गर्न सकेको छैन। पर्यटन विकासको सम्भावनालाई समुचित उपभोग गर्न नसक्नुका विभिन्न कारणहरूमध्ये एउटा कारण तालिम प्रापत दक्ष जनशक्तिको अभाव हो। त्यसमा पनि दक्ष पथ प्रदर्शकको अभाव पर्यटन क्षेत्रले धेरै अगाडि देखि गरिरहेको छ। पर्यटन ऐन २०३५ को दफा ५ मा पथ प्रदर्शक सम्बन्धी नियमहरूको व्यवस्था छ। होटल, बार, लज, रेष्टुराँ पर्ने काम कर्तव्यका बारेमा

स्पष्ट उल्लेख गरेको पाइन्छ। पर्यटन ऐन २०३५ को दफा ५६ को आधारमा नेपाल सरकारले होटल, बार, लज र रेष्टुराँ र टुरिष्ट गाइड नियमवाली २०३८ लाथु गरेको हो । यो नियमवाली २०३८ ०५ २९मा प्रकाशित भई कार्यान्वयनमा आएको छ। यस नियमवालीलाई होटल, बार लज रेष्टूरा टुरिष्ट गाईड नियमवाली २०३८ भनिन्छ। चारवटा परिच्छेद र चारवटा परिशिष्ट भएको यो नियमवाली पर्यटन प्रवर्द्धनका लागि होटल, बार, लज, रेष्टूराँ र टुरिष्ट गाईडलाई मार्ग निर्देशन गरेको छ। यो नियमवालीको परिच्छेद एक यसको नामसँग सम्बन्धित छ। जसमा नियम, विभाग र डाइरेक्टर जेनेरलको परिभाषा समेत समावेश छ । यस्तै गरी परिच्छेद तीन टुरिष्ट गाईडको व्यथासँग जोडिएको परिच्छेद हो । यसमा टुरिष्ट गाइड हुन चाहेको व्यक्तिले तोकिए अनुसारको आवेदन फारमा भरी १० रुपियाँको दस्तुरसहित निवेदन दिनु पर्दछ। टुरिष्ट गाइड हुनका लागि होटल मेनेजमेण्ट र टुरिजम ट्रेनिङ सेन्टरबाट टुरिष्ट गाइड ईजाजत पत्र प्राप्त गर्ने प्रावधान पनि छ। इजाजत पत्रको समायवधि ५ वर्षको हुन्छ। रु. १२५ दस्तुर तिरेर उक्त इजाजतपत्र प्राप्त गर्न सकिन्छ। म्याद सकिएको ३५ दिनभित्र पथ प्रदर्शकले आफूले हासिल गरेको अनुभव सम्वन्धी विवरण सम्बन्धित निकायमा पेश गरि इजाजत पत्र नवीकरण गर्न पाउने व्यवस्था उक्त नियमवालीमा छ। यदि तोकिएको समयमा इजाजत पत्र नवीकरण हुन नसकेमा निश्चित रकमा बुझाई नवीकरण गर्न पाउने र सरकारले आवश्यक ठानेमा उक्त इजाजत पत्र खारेजी गर्न सक्ने समेत प्रावधान उक्त नियमावलीमा पाइन्छ।

**पथ प्रदर्शकको अर्थ**

नेपाली भाषाको पथ प्रदर्शक शब्द संस्कृत भाषामा आएको तत्सम शब्द हो । पथ र प्रदर्शक दुइ शब्द मिलेर यो शब्द बनेको छ। जसमा पथले बाटो वा मार्ग र प्रदर्शकले देखाउनुसँग सम्वन्ध राख्दछ (अधिकार र भटराई, २०३८ :५८३) । यस अर्थमा यात्रुलाई बाटो देखाउने पदथ प्रदर्शक भनिन्छ। अंग्रेजी भाषाको तयगचष्कत नगष्मभ शब्द पथ प्रदर्शकलाई सांस्कृतिकमध्यस्र्थकर्ता वा व्याख्याकर्ताका रूपमा पनि लिइन्छ। यस्ता व्यक्ति पर्यटन विकासका महत्पपूर्ण आधार हुन्। यिनीहरूसँग सकारात्मक सोच, सहिष्णु, सामुदायिक ज्ञान, भाषिक दक्षता शारिरिक आकर्षण आदिजस्ता आधारभूत गुण वा विशेषता हुनु पर्दछ (Kunwar, 2006: 267) । यस अर्थमा उक्त आधारभूत गुण एवम् योग्यता भएको व्यक्ति जो पर्यटकहरूलाई मार्ग निर्देशन गर्ने व्यावसायमा संलग्न छ त्यसलाई पथ प्रदर्शक भन्न सकिन्छ।

बोलीचालीको भाषामा अंग्रेजी भाषाको Tourist guide शब्दको प्रयोगको इतिहास त्यति पुरानो छैन । जति पथ प्रदर्शक शब्दको छ। पथ प्रदर्शक शब्दको प्रयोग हाम्रो पूर्वीय सभ्यतामा निक्कै पहिलेदेखि हुँदै आएको हो । हाम्रा वैदिक साहित्य र यसपछिको परवर्ति साहित्यको कतिपय ग्रन्थहरूमा पथ प्रदर्शकका सन्दर्भहरू पाइन्छन्। कतिपय साहित्यिक ग्रन्थहरूमा पथ प्रदर्शकको भूमिका निर्वाह गरेका व्यक्तिहरूको चर्चा भेटिन्छ। हाम्रा घरव्यवहारमा पनि बाटो हिँड्ने बटुवाहरूले आफू जान लागेको गन्तव्यको बाटो भुल्दा, बिराउँदा अलमलमा पर्दा र झुक्किँदा स्थानीयहरूले आफू जानुपर्ने ठाउँको मार्गको विषयमा सोध्ने प्रचलन हिजोआज पनि पाइन्छ। स्थानीयहरूले अपरिचित व्यक्तिलाई उसले खोजेको बाटो देखाइदिने परम्परालाई धार्मिक एवम् पवित्र कार्य मान्ने रीति समाजको एउटा महत्वपूर्ण संस्कृति हो । यो हिजोआज पनि निरन्तर अभ्यास हुँदै आएको छ। यसरी बाटो देखाई दिई पुण्य आर्जन गर्ने प्रचलन पूर्वीय सभ्यतामा भन्दा पथ प्रदर्शक शब्द पुरानो हो। यसको व्यवहारिक प्रयोजनका साथै अर्थ पनि पुरानो छ भन्न सकिन्छ दुलाल, २०७७ :१) ।

पथ प्रदर्शक जस्तै अंग्रेजी भाषाको त्यगचष्कत नगष्मभ शब्दको सम्वन्ध एउटा अपरिचित यात्रुले चाहेको र खोजेको विषयमा आवश्यक जानकारी लिने भुमिका निर्वाह गर्ने व्यक्तिसँग छ। यस आधारमा पथ प्रदर्शक एउटा त्यस्तो पदीय भूमिका हो , जसले यात्रु वा भ्रमणकारीलाई उसले खोजेको, चाहेको र आवश्यक ठानेका विविध विषयहरूका बारेमा

पर्यापत सूचना दिन सक्दछ भन्ने बुझ्न सकिन्छ। (Tourist guide is a responsible person who easily provides the adequate information about the destination to the visitors according to their interest and requirement). वास्तवमा निश्चित अनुशासन एवम् आचार संहिता पालन गर्ने, स्पष्ट अभिव्यक्ति भएको, पर्यटकले चाहेको, खोजेको र कतिपय अवस्थामा बताउन आवश्यक भएको विषयमा पर्याप्त ज्ञान भएको, आवश्यकता अनुसारको भाषाको ज्ञान भएको, असामान्य र अफ्ट्यारो परिस्थितिबाट पर्यटकलाई सुरक्षित राख्न सक्ने साहस र दृढ शक्ति भएको, सरल मिजासयुक्त एउटा सुझबुझ पूर्ण व्यक्ति जो पर्यटकहरूलाई मार्ग निर्देशन गर्ने पेशा तथा व्यावसायमा संलग्न छ त्यसलाई पथ प्रदर्शक भन्न सकिन्छ। (दुलाल, २०७१:१)

हिजोआज पथ प्रदर्शन गर्ने गराउने कार्य एउटा पेशा एवम् व्यावसायको रूपमा विकास भएको छ। फलस्वरूप हाम्रा प्राचीन साहित्यले उल्लेख गरेजस्तो बटुवालाई मार्ग देखाई दिने पवित्र कार्यभन्दा टुरिष्ट गाइड गर्ने विषयले भिन्न रूपमा लिन थालिएको हो। कोही बाटो हिँड्ने बटुवालाई उसले खोजेको र चाहेको बाटो देखाईदिनु अलग कुरा हो तर पर्यटकको आधुनिक परिभाषामा त्यो गतिविधिलाई पथ प्रदर्शक मानिदैन। आधुनिक पर्यटनको अर्थमा अन्तर्राष्ट्रिय जगतले निधार्रण गरेको मापदण्ड र राज्य सरकारले तोकेको नीति नियम अनुसार इजाजत पत्र प्राप्त व्यक्तिलाई मात्र पथ प्रदर्शक भन्ने गरिन्छ।

पथ प्रदर्शक पर्यटकको प्रकृति अनुसारको विभिन्न प्रकारका हुन्छन्, विशेषत: नगर पथ प्रदर्शक (City tourist guide), स्थानीय पथ प्रदर्शक (Local Tourist guide), पदयात्रा पथ प्रदर्शक (Trekking Tourist guide) पर्वतारोहण पथ प्रदर्शक (Mountaineering Tourist guide) जलयात्रा पथ प्रदर्शक (River Tourist guide), जङ्गलयात्रा पथ प्रदर्शक (Jungle Tourist guide) आदि जस्ता विभिन्न स्वरूपमा पथ प्रदर्शकलाई वर्गीकरण गर्न सकिन्छ। जुन रूपको पथ प्रदर्शक भएपनि पथगामी वा पथचर अर्थात बाटो हिँड्ने पथिक, बटुवा आदिलाई मार्ग दर्शन गर्ने भूमिका पथ प्रदर्शकले गर्नु पर्दछ।

**पूर्वीय संस्कृति तथा सभ्यतामा पथ प्रदर्शक**

पूर्वीय संस्कृति र सभ्यतामा पथ प्रदर्शकका रूपमा अतिथिहरूलाई मार्ग निर्देशन गरेका उदाहरणहरू थुप्रै पाइन्छन्। पूर्वीय साहित्यको प्राचीन ग्रन्थ ऋग्वेदको शुक्त ३९मा हे अस्मिनी कुमार हो जो हिँड्न नसक्ने हुन्छन् त्यसका लागि तिमीहरू आश्रय रूप हौं, तिमीहरू नेत्रहीन, दुर्वल शरीर र रोगले दुख दिएका मानिसका लागि चिकित्सक मानिन्छौं। यस्तै गरी ऋणवेगको सुक्त ३९को श्लोक ६ मा अस्मिनी कुमारसँग ऋषि घोषाले भनेका छन् पिताले पुत्रलाई मार्ग निर्देशन गराएझैं तिमीहरू पनि हामीहरूलाई परामर्श देउ भनिएको छ। यस्तै ऋग्वेदको प्रथम मण्डल सूक्त १०५ को मन्त्र ११ मा भनिएको छ। दिब्यालोककोमध्ये भागमा रहेका उत्तम पंख भएका पक्षीहरूले रात्रीको अन्धकारमा रुमल्लिएकाहरूलाई प्रकाशको मार्ग प्रशस्त गर्दछन् र ब्वासाबाट जोगाउँदछन् (लुइटेल, २०६३ : ८९२,१०८)। यस्तै गरी रामायणका विभिन्न सन्दर्भहरूमा पथ प्रदर्शन गरेका सन्दर्भहरू भेटिन्छन्। किस्किधा राज्यका अधिपति सुग्रीवले सीताजीको खोजी कार्यमा सहयोग गर्ने वचन दिए बमोजिम लक्ष्मण सुग्रीवको खोजी गर्दै जाँदा अनन्तपुरमा बसेका सुग्रीवसँग पुर्याउन अङ्गधले निर्वाह गरेको भुमिका, सीताजीको खोजीमा हिँडेका हनुमान लगायतले उनलाई पाउन नसक्दा सम्पत्ति नाम गरेको गिद्दले सीताजीलाई राखेको स्थान तथा मार्ग निर्देश गरेको प्रसङ्ग, हनुमान सीताजीलाई राखेको स्थान तथा मार्ग निर्देश गरेको प्रसङ्ग मेघनाथले वीरघातिनी शक्ति प्रहार गरी लक्ष्मणलाई लडाएपछि उपचार का लागि लंकामा भएका सुषण नाम गरेको कविराज (बैद्य) लाई लिएर आउने मार्ग विभीषणले कोरेर हनुमानलाई मार्ग निर्देश गरेको प्रसङ्ग आदिजस्ता घटना विवरणहरू पाइन्छन् (मरासिनी, २०६९: ७३, ८०, ८६, १०९, ११०)। यी घटनालाई पूर्वीय संस्कृति र सभ्यतामा पथ प्रदर्शन गरिएका राम्रा उदाहरण मान्न सकिन्छ।

**पथ प्रदर्शकका निम्ति चाहिने आधारभूत मापदण्ड**

पर्यटनशवस्था गरेको छ। नेपालमा दक्ष जनशक्तिले मात्र साचो अर्थमा पर्यटनको विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्दछन्। दक्ष जनशिक्तिको भूमिका यस सन्दर्भमा बढी फलदायी एवम् महत्वपूर्ण हुन सक्दछ भन्ने पक्षलाई हृदयगम गरी पर्यटनसँग सम्बन्ध राख्ने जनशक्ति उत्पादन गर्ने नीति राज्यले दोस्रो त्रिवर्षीय योजनामा लिएको देखिन्छ ९न्गाचगलन, द्ण्ण्ठस् ज्ञघज्ञ० फलस्वरूप होटल व्यवस्थापन र पथ प्रदर्शक तालिम सञ्चालन गर्ने कार्यक्रम सरकारले यसै योजनाबाट अगाडि सारेको थियो। (खतिवडा/दाहाल, २०६७: १६०)। राज्य सरकारले नीतिगत रूपमा पर्यटनका लागि दक्ष जनशक्ति उत्पादन गर्ने कार्यक्रम ल्याएपछि उक्त आवश्यकता पुरा गर्न सर्वप्रथम सन् १९७२ मा तत्कालिन पर्यटन मन्त्रालय र पर्यटन विभागले HMTTC (Hotel Management and Tourism Training Center) भन्ने संस्था स्थापना गऱ्यो। यो संस्था तत्काल UNDP (संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम) र ILO (अन्तर्राष्ट्रिय श्रम संगठन)को आर्थिक सहयोगमा खोलिएको थियो। यो संस्थाले सन् १९७९बाट सम्बन्धित तालिम दिन प्रारम्भ गऱ्यो।

HMTTC लाई श्री ५ को सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले Nov 23, 1999 मा Natham (Nepal Academy of Tourism and Hotel Management) मा रूपान्तरण गऱ्यो। यो संस्थाले २६ वर्षको इतिहासमा १२,००० जनशक्तिलाई तालिम दिएको छ। यसले तीन वर्ष वि.एच.एमको गठन पाठन त्रिभुवन विश्वविद्यालय अन्तर्गत १९९९बाट प्रारम्भ गऱ्यो। (Agrawal & Upadhyay, 2006 : 108-109) यद्यपि माथि उल्लिखित तालिम प्राप्त जनशक्तिको संख्यामा वर्तमान समयसम्ममा धेरै बुद्धि भइसकेको छ। यो संस्थाले आ.व. २०७१/०७२ सम्म नगर पथ प्रदर्शकमा महिला ३४४ र पुरुष ३१८३ गरी ३५२७ जना, विभिन्न क्षेत्रमा स्थानीय पथ प्रदर्शकमा महिला ५९र पुरुष ४३३ गरी जम्मा ४९२, पदयात्रा पथ प्रदर्शकमा महिला २०७ र पुरुष १२,३३७ गरी १२,५४४ जलयात्रा तथा साहसिक पथ प्रदर्शकमा महिला ३३ र पुरुष ६६६ गरी ६९९समेत महिला ६४३ र पुरुष १६,६५२ सहित कुल १७,२९५ व्यक्तिलाई आधारभूत तालिम उपलब्ध गराई सकेको छ (NATHAM, 2016: 106) फलस्वरूप पर्यटनसँग सम्बन्धित विभिन्न विषयका दक्ष जनशक्ति उत्पादन गर्न यो संस्थाले निकै ठूलो भूमिका निर्वाह गर्दै गएको छ। यो संस्थाले पर्यटनसँग सम्बन्धित पथ प्रदर्शक तालिम मात्र होइन होटल व्यवस्थापन / ट्रेकिङ्ग, रिभर गाइड, पर्वतारोहण गाइड, भरिया, कुक, लगायतका तालिमहरू उपलब्ध गराई रहेको छ। जसमध्ये प्रत्येक वर्ष १० हप्ताको पक्ष प्रदर्शक तालिम सञ्चालन गर्दै आएको छ। प्रारम्भमा यो केन्द्रले विभिन्न प्रकारका व्यवहारिक तालिम प्रदान गरी व्यवासायिक रूपमा दक्ष जनशक्ति तयार पाऱ्यो। उच्च स्तरीय तालिम प्राप्त जनशक्ति लामो समयसम्म उत्पादन गरेर सन् २००३ बाट पर्यटन र यात्रा व्यवस्थापन सम्बन्धी ३ वर्षे स्नातक तहका कक्षा सञ्चालक गरेको (खतिवडा) दाहाल, २०६७: ५१५)।

पर्यटनका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न ल्ब्त्ज् बाहेक पछिल्ला वर्षहरूमा मुलुकका विभिन्न विश्वविद्यालयहरूको समेत आफ्नो पठन पाठन तथा अध्ययन अनुसन्धान क्षेत्रमा पर्यटन विषयलाई महत्व दिन थाले। त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय जस्ता शैक्षिक संस्थाहरूले विभिन्न तहका पाठ्यक्रमहरूमा पर्यटन विषयको पठन पाठन तथा अध्ययन अनुसन्धान गर्न प्रारम्भ गरे। यति मात्र होइन, निजी क्षेत्रबाट समेत दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न कलेजहरूले पठन पाठन प्रारम्भ गरेका छन्। सन् १९९५ मा स्थापना भएको नेपाल कलेज अफ ट्राभल एण्ड टूरिजम मेनेजमेण्ट नेपालगन्ज जस्ता संस्थाहरूले पर्यटन सम्बन्धी स्नातक तहका कक्षाहरू संचालन गर्दै आइरहेका छन् (Agarawal & Upadhyaya 2006: 109) यस्तै गरी नेपाल पर्वतारोहण संघको प्रयासमा मनाङमा स्थापना भएको माउण्टेरिङ्ग स्कुल जसले सन १९८९बाट पर्वतारोहण सम्बन्धी तालिम उपलब्ध गराउन थाल्यो (Satyal, 2000: 278)। यी संस्थाहरूलाई पर्यटनसँग सम्बन्धित जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण

केन्द्र मान्न सकिन्छ। फलस्वरूप पर्यटनसँग सम्बन्ध राख्ने विभिन्न किसिमका दक्ष जनशक्ति उत्पादनमा थप टेवा पुग्न गयो। आजसम्म धेरैको संख्यामा दक्ष जनशक्ति उत्पादन भई सम्बन्धित क्षेत्रमा सेवा दिँदै आएका छन्। यस्ता जनशक्तिमध्ये पथ प्रदर्शक केही भिन्न प्रकृति भएको जनशक्ति हो। पथ प्रदर्शक निरन्तर रूपमा पर्यटकसँग रहनु पर्ने, हिँडडुल गर्नु पर्ने र पर्यटकले बुझ्न खोजेको र चाहेको विषयमा निरन्तर सूचना दिनु पर्ने भएकाले यसको जिम्मे वारी र दायित्व पनि ठूलो छ (दुलाल, २०७१ : २) पथ प्रदर्शकको क्षमता र दक्षतालाई थप वृद्धि गरि यो सेवालाई अझ बलियो एवम् उत्तरदायी बनाउन सन् १९८९ TURGAN (Tourist Guide Association of Nepal) अर्थात् पर्यटक पथ प्रदर्शक संघको स्थापना भयो। विशेषतः सम्वर्द्धनमा जनचेतना विस्तार गर्ने मुख्य उद्देश्य पुरा गर्न यो संस्थाको स्थापना भएको हो। यस संस्थाले पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको सहकार्य र जनसहभागिता वृद्धि गर्न ठूलो भूमिका निर्वाह गर्दै आएको छ। यसबाहेक पर्यटनसँग सम्बन्ध राख्ने विभिन्न सभा सम्मेलन, अन्तरक्रिया, गतिविधि, तालिम, प्रशिक्षण, गोष्ठी, छलफल आदिजस्ता कार्यहरू पनि सम्पादन गर्दै गरेको बुझिन्छ। यो संस्थाले सबै प्रकारका पथ प्रदर्शकहरूको छाता संगठन हो। पथ प्रदर्शकहरूका पेशागत विविध समस्याका साथै पर्यटनमा यो संस्थाले उल्लेख्य भूमिका खेल्दै आएको छ , (Gurung, 2007: 166) (सामान्यतः पर्यटक पथ प्रदर्शकको यो ग्यतालाई त्यति महत्वका साथ हेर्ने परम्परा छैन। तापनि पथ प्रदर्शक हुने व्यक्तिमा निश्चित योग्यता एवम् मापदण्ड हुन जरुरी पर्दछ। जसलार्य तलका बुँदामा उल्लेख गरिएको छ।

- पथ प्रदर्शक हुने व्यक्तिले ल्ब्ज्ः बाट आधारभूत तालिम प्राप्त गरेको इजाजत पत्र लिएको हुनु पर्ने,
- पथ प्रदर्श गर्न चाहने सम्बन्धित व्यक्ति अंग्रेजी, फेन्च, चाइनिज, जापानिज, आदिजस्ता भाषाहरूमध्ये कुनै पनि अन्तर्राष्ट्रिय भाषामा दक्षता हासिल गरेको हुनु पर्ने,
- पथ प्रदर्शक हुन इच्छुक व्यक्तिले राज्य सरकारले तोकेको शैक्षिक योग्यता पुरा गरेको हुनुपर्ने,
- पथ प्रदर्शक हुन चाहना राख्ने व्यक्तिले सामान्यतः नेपालको भूगोल, इतिहास, धर्म, संस्कृति, कला, वास्तुकला, सामाजिक जनजीवनका विषयमा आधारभूत ज्ञान प्राप्त गरेको हुनु पर्ने,
- पथ प्रदर्शक हुन चाहने व्यक्तिको भाषा शैली स्पष्ट र प्रभावकारी अभिव्यक्ति भएमा तुलनात्मक रूपमा महत्वपूर्ण मानिने,
- पथ प्रदर्शक हुन इच्छा राख्ने व्यक्ति इमान्दार, नैतिकवान, प्राथमिक उपचार सम्बन्धी आधारभूत ज्ञान एको र तुलनात्मक रूपमा साहसी हुनु पर्ने आदि।

**पथ प्रदर्शकले पालना गर्नु पर्ने आचार संहिता**

पर्यटनको विकासका निम्ति तालिम प्राप्त दक्ष जनशक्ति निकै महत्वपूर्ण मानिन्छ। पर्यटनका लागि आकर्षक गन्तव्यले मात्र पुग्दैन। त्यस्ता गन्तव्यहरूको महत्वका विाष्यमा स्पष्टसँग व्याख्या गर्न सक्ने, पर्यटकलाई राम्रो भर पर्दो, विश्वासिलो र छिटो सेवा दिन सक्ने पथ प्रदर्शकको लागि के कस्ता गुणहरू आवश्यक हुन्छन् भन्ने चर्चा माथि परिसकेको छ। वास्तवमा पर्यटनको विकास तालिम प्राप्त जनशक्ति अर्थात् पथ प्रदर्शक भएर मात्र पुग्दैन। उक्त पथ प्रदर्शकले निर्वाह गरेको भूमिका, उसले पालना गर्नू पर्ने आचार संहिता पर्यटकले नकारात्मक भावना बोकेर जान सक्छ। आफ्नो मुलुकमा सोही अनुसारको सन्देश प्रचार प्रसार गर्दछ (दुलाल, २०७१:३) पर्यटक पथ प्रदर्शक सम्बन्धी कार्यमा संलग्न गर्न जरुरी छ। इजाजत पत्र प्राप्त व्यक्तिले तोकिएको ऐन नियम कानुन पालना गर्नु पर्दछ। यदि पालना नगरेमा नियम अनुसार दण्ड जरिवाना गर्न सक्ने समेत अवस्था छ (Gurung, 2007: 146) पथ प्रदर्शकले प्रभावकारी भूमिका निर्वाह गर्न नसके पर्यटक आगमनको संख्यामा ह्रासु आउन सक्दछ। त्यसैले पथ

प्रदर्शकहरूले निश्चित अनुशासन एवम् आचार संहिता पालन गर्नु अनिवार्य मानिन्छ। जसलाई यस प्रकार सूत्रबद्ध गरिएको छ।

- पथ प्रदर्शकले राज्यद्वारा निर्धारण गरेको संस्थाबाट पथ प्रदर्शक व्यवसाय वा सेवा दिन पाउने इजाजत पत्र प्राप्त गरेको हुनु पर्ने,
- पथ प्रदर्शकले आफूले सेवा दिएको पर्यटक वा समूहलाई आफूले जाने बुझ्नेसम्मको सूचना उपलब्ध गराउन कुनै कसुर बाँकी नराख्ने,
- पथ प्रदर्शकले सेवा दिँदै गरेका पर्यटकहरूलाई अनावश्यक रूपमा अनैतिक दबाब, सुख सुविधाको माग, रूपैया पैसाको माग नगर्ने। तोकिएको एवम् पाउने सेवा सुविधा मात्र दाबी गर्ने,
- कुनै पनि गन्तव्य एवम् सोसँग सम्बन्धित विषयका बारेमा पर्यटकलाई आवश्यक सूचना एवम् जानकारी दिँदा सही साँचो कुरा मात्र बताउने, बढाई चढाई गरी झुटो कुरा नबताउने,
- पथ प्रदर्शकले नेपालको खासगरी भूगोल, इतिहास, पुरातत्व, धर्म संस्कृति, कला तथा वास्तुकला
- पर्यटकहरूलाई सेवा दिँदै गर्दा तुरुन्तै कुनै प्रकारका घटनाहरू घट्न सक्ने सम्भावना भएमा त्यस्तै घटनाको अग्रिम जानकारी दिने अग्रिम जानकारी दिने र कँही कतै जानकारी दिनु अगाडि नै घटना घटेमा त्यसबाट पर्यटकलाई सुरक्षित राख्ने,
- पर्यटक तथा प्रदर्शकहरूले कुनै पनि पर्यटकसँग झुठो बोल्न, अर्थात ठग्ने, चोरी गर्ने र अनैतिक सम्बन्ध राख्ने जस्ता अमान्य एवम् अव्यवहारिक कार्य नगर्ने आदि।

**६. पर्यटन प्रवर्द्धनमा पथ प्रदर्शकको भूमिका**

माथि नै भनिएको छ साँचो अर्थमा पर्यटन भनेको एउटा अपरिचित व्यक्तिले अपरिचित स्थानमा गरेको यात्रासँग सम्बनिधत गतिविधिको रूपमा सम्बन्ध राख्ने क्रियाकलाप हो। त्यसैले पर्यटकका लागि बस्ने, खाने सुविधा आधारभूत आवश्यकता मानिन्छन्। समग्रमा पर्यटनका लागि गतिविधिहरू सञ्चालन भएका देखिदैनन्। गन्तव्य जहाँसुकै पनि पाइन्छन्। तर ती सबै गन्तव्यमा पर्यटकीय गतिविधिहरू सञ्चालन भएका देखिँदैनन् । गन्तव्यका साथै पर्यटकका लागि बस्ने, खाने, पुग्ने, सम्बन्धित गन्तव्यको पर्याप्त सूचना दिन सक्ने जनशक्ति आदिजस्ता सुविधाहरू तुलनात्मक रूपमा जहाँ पाइन्छन् त्यस्ता स्थानहरू मात्र लोकप्रिय पर्यटकीय गन्तव्य बन्दै आएका छन्। संसारमा पर्यटनको इतिहासले पनि यस विषयलाई पुष्टि गरेको छ। त्यसैले गाँस, बास, साथ यातायात, संचार जस्ता पक्षलाई पर्यटन विकासका आधारभूत तत्व मानिएको हो। यस अर्थमा साथ शब्दले पर्यटकसँगसँगै हिँड्ने पथ प्रदर्शकलाई बुझाउँदछ। (दुलाल, २०७१:३–४) नेपलमा प्राकृतिक एवम् सांस्कृतिक दृष्टिले पर्यटन विकासको सम्भावना अत्यन्त धेरै छ। पर्यटन विकासका लागि यस्ता सम्पदा भएर मात्र पुग्दैन। यात्रुहरूका लागि आवश्यक पर्ने आवास, खानपिन, यातायात सञ्चार जस्ता सुविधाका साथै पथ प्रदर्शक पनि पर्यटन विकासका लागि मेरुदण्ड मानिन्छ। यी सुविधाहरमध्ये पथ प्रदर्शलाई अति महत्वपूर्ण एवम् अनिवार्य सुविधाका उपलब्ध गराउन सकेमा त्यसबाट पर्यटनको विकासका क्षत्रेमा ठूलो सकारात्मक प्रभाव पर्न सक्दछ। सामान्यतः यसबाट एकातिर पर्यटकीय सेवा स्तरी य बन्न सक्दछ भने अर्कोतर्फ पर्यटकले आफूले चाहेको र खोजेको विषयमा यथेष्ट जानकारी सहित सन्तुष्ट हुने अवसर प्राप्त गर्न सक्दछन्। फलस्वरूप यसको प्रत्यक्ष प्रभाव मुलुकको पर्यटन प्रवर्द्धनमा पर्दछ। समग्रमा नेपालको पर्यटन विकासमा पथ प्रदर्शकको आवश्यकता र निर्वाह गर्ने भूमिकाको विषयलाई तलका बुँदाहरूमा सम्बोधन गर्ने प्रयास भएको छ।

- दक्ष पथ प्रदर्शकले एउटा पर्यटकका लागि आवश्यक सुचना एवम् जानकारी उपलब्ध गराउन सक्दछ। जसबाट पर्यटनको विकासमा सकारात्मक प्रभाव पर्न जान्छ,
- नेपालका पर्यटकीय सम्पदाहरू मुख्य सहरमा भन्दा तुलनात्मक रूपमा ग्रामीण क्षेत्रमा छन्। ग्रामीण क्षेत्रमा पर्यटन विकासको प्रचुर सम्भावना छ। फलस्वरूप पर्यटकलाई गाउँगाउँसम्म पुऱ्याउन पथ प्रदर्शकको निक्कै जरुरी देखिन्छ,
- नेपालमा पदयात्रा पर्यटन, पर्वतारोहन पर्यटन, जलयात्रा, बन्यजन्तु पर्यटन जस्ता पर्यटकीय गतिविधिको विकासको सभावना निके धेरै छ। यस्ता पर्यटकीय गतिविधिहरूमा तुलनातमक रूपमा पथ प्रदर्शकको आवश्यकता एवम् महत्व ठूलो हुने गर्दछ। त्यसैले यहाँको पर्यटनको विकाससँग पथ प्रदर्शकको गहिरो सम्बन्ध जोडिएको छ,
- नेपालमा संसारका अन्य मुलुकमा अन्य अनौठा अनौठा परम्पराहरू पाइन्छन्। सांस्कृतिक विविधता भेटिन्छ। ती पक्षको पर्याप्त जानकारीका लागि दक्ष पथ प्रदर्शकको आवश्यकता पर्दछ। अन्यथा पर्यटकले उक्तविषयमा चाहेको र खोजेको ज्ञान प्राप्त गर्न सक्दैनन्। त्यसको प्रभाव र सन्देश नराम्रो पर्न सक्दछ। त्यसैले पर्यटन विकासका लागि दक्ष पथ प्रदर्शक आवश्यक मानिएको हो,
- नेपाल प्राकतिक एवम् सांस्कृतिक दुवै दृष्टिकोणले संसारको एउटा महत्वपूर्ण अनुसन्धान केन्द्र हो। यो मुलकुलाई उक्त पक्षको सोधखोजमा प्रयोगशाला नै मान्न सकिन्छ। तर अनुसन्धानकर्ताहलाई सम्बन्धित पक्षको सूचना दिने दक्ष जनशक्ति भएन भने उसले चाहेको र खोजेको जानकारी पाउन सक्दैन। फलस्वरूप यहाँको पर्यटन प्रवर्द्धनका लागि पथ प्रदर्शकको आवश्यकता र भूमिका अनिवार्य मान्न सकिन्छ,
- पर्यटकका लागि राम्रो, भरपर्दो, विश्वासिलो र छिटो सेवा आवश्यकता पर्दछ। यस्ता सेवा तालिमप्राप्त दक्ष जनशक्तिले मात्र उपलब्ध गराउन सक्दछन्। तसर्थ पर्यटन प्रवर्द्धनका लागि तालिम प्राप्त दक्ष पक्ष प्रदर्शकले भूमिका सर्वोपरि महत्वको मानिन्छ,
- मुलुकको पहिचान स्थापित गर्न दक्ष जनशक्तिको भूमिका महत्वपूर्ण हुने गर्दछ। मुलुकको प्रकृति र संस्कृति बुझेको पथ प्रदर्शक भयो भने पर्यटकले सम्बन्धित विषयमा राम्रो ज्ञान एवम् सूचना प्राप्त गर्न सक्दछन्। त्यसो भयो भने सम्बन्धित पर्यटकले आफ्नो मुलुकमा गन्तव्यको राम्रो छाप छाडिदिन्छन् आदि।

**निष्कर्ष**

वर्तमान सन्दर्भमा पर्यटन संसारका लागि महत्वपूर्ण उद्योग व्यवसाय बन्दै आएको छ। फ्रान्स, अमेरिका, चीन, स्पेन, इटाली, बेलायत, टर्की, जर्मनी, मलेशिया, मेक्सिको जस्ता मुलुकहरूले प्राप्त गरेको विकासको चरम उत्कर्षका विभिन्न कारणहरूमध्ये एउटा पर्यटन हो। नेपालमा औपचारिक रूपमा पर्यटनको विकास सन् १९५० पौराणिक कालसम्म यो मुलुकको पर्यटनको इतिहासलाई जोड्न सकिन्छ। पर्यटन विकासका निम्ति सुन्दर एवम् आकर्षक गन्तव्य भएर मात्र पुग्दैन। पर्यटकलाई सम्बन्धित क्षेत्रसम्म पुऱ्याउन सक्ने, खाने, बस्ने, यात्रा गर्ने, सेवा तथा सुविधाहरू अनिवार्य आधार मानिन्छन्। पर्यटन विकासका निम्ति त्यस्ता सेवा तथा सुविधाहरूको भूमिका र योगदान उल्लेखनीय हुने गर्दछ। त्यसमा पनि पथ प्रदर्शक पर्यटन विकासको आधारभूत आवश्यकता नै हो। सामान्यतः पर्यटकले जानेको बुझेको र पुगेको भन्दा नजानेको, नबुझेको र नपुगेको स्थलमा यात्रा गर्न सम्म पुऱ्याउने, यात्रा गर्दा देखिने दृश्यहरूको व्याख्या गर्ने, सम्बन्धित गन्तव्यको विषयमा यथार्थ विवरण दिने, उसले राखेको जिज्ञासा पुरा गरि दिन सक्ने, कठिन परिस्थितिबाट सुरक्षित राख्ने आदिजस्ता कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नु पथ

प्रदर्शकको मुख्य कर्म र धर्म हो। पथ प्रदर्शकहरूले यी कार्यहरू सफलताका साथ सम्पादन गर्न मद्दत पुग्दछ। यस कार्यले पर्यटन आगमनमा गुणात्मक एवम् संख्यात्मक वृद्धि हुनेछ। त्यसैले पथ प्रदर्शकलाई पर्यटन प्रवर्द्धनका निम्ति आधारभूत जनशक्ति मान्नु पर्दछ।

**सन्दर्भ सामाग्री**


अधिकारी, हेमाङ्कराज र बद्रीविशाल भट्टराई (२०६८) प्रयोगात्मक नेपाली शब्दकोश, काठमाण्डौं : विद्यार्थी प्रकाशन प्रा.लि. (सम्पादन)

कुँवर, सुरज (२०७२) “नेपाल पहिलो गन्तव्य”, कान्तिपुर दैनिक, बुधबार, पौष २२ , २०७२

खतिवडा, सोमप्रसाद/दाहाल, कमला (२०६७) नेपालको सांस्कृतिक पर्यटन, काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस।

दुलाल, लोकनाथ (२०७१) पथ प्रदर्शकका निम्ति मापदण्ड, आचार संहिता एवम् पर्यटनको विकासमा भूमिका, सुनसरी : सुनसरी जिल्ला विकास समिति र नानु फाउण्डेशनद्वारा मिति २०७१/०७/०८ मा आयोजित कार्यक्रममा प्रस्तुत कार्य पत्र।

दुलाल, लोकनाथ (२०७३) पर्यटन प्रवर्दनमा पथ प्रदर्शकको भूमिका एक समिक्षा, कस्तुरी, त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस।

मरासिनी, बासुदेव (२०६९) हनुमान चरित्र, काठमाडौंः सतिस मरासिनी / सन्तोष मरासिनी / सुधिर मरासिनी। लुईटेल, तिलकप्रसाद (२०६३) ऋग्वेद (नेपालीमा अनुवाद) : काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

Agarwal, M . K & R . P . Upadyay, (2006) Tourism and Economic Development in Nepal, New Delhi : Northern Book Centre .

Gurung, Takraj (2007) Mountain Tourism in Nepal, Kathmandu, Pratima gurung .

Kunwar, R . R . (2006) Tourists & Tourism and Hotel Management .

NATHM, (2016) NATHM Souvenir 2016, Kathmandu: Govt of Nepal, Ministry of Culture Tourism and Civil Aviation, NATHM .

Satyal, Y . R . (2000) Tourism Monograph of Nepal, Delhi : Adroit Publishers .

Tiwari, Ramesh (2011) “Nepal and International Tourism:, Souvenir, Kathmandu, Journalists' Association for tourism Nepal (JAT-Nepal) .